Received Date: Oct. 2024 Revised: Nov. 2024 Accepted: Dec. 2024

# बी.पी.कोइरालाको संक्षिप्त जीवनी

**डा.विजयप्रसाद मिश्र**

सहप्राध्यापक, इतिहास केन्द्रीय विभाग, त्रि.वि, कीर्तिपुर

इमेल : vijay.mishra@cdhis.tu.edu.np

Doi: https://doi.org/10.3126/hisan.v10i1.74932

**सार**

*नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला (बी.पी.कोइराला) को जन्म वि.सं.१९७१ साल भदौ २४ गते तद्नुसार १४ अगस्ट १९१४ मा भारतको बनारसमा भएको थियो । वि.सं.२०३९ साउन ६ गते उनको देहवसान भयो । सन् १९२७ मा कक्षा आठमा बनारसको हरिश्चन्द्र स्कूलमा बी.पी.भर्ना भएका थिए । महात्मा गान्धीले सन् १९२०-२१ मा शुरु गरेको असहयोग आन्दोलनमा बच्चाकै बेला स्कूल पढ्दा बीपीले मैले आजदेखि सरकारी स्कूल छाँडे भनेकै कारण बीपीलाई मञ्चमा लगेर गान्धीले फूलमाला लगाई दिएका थिए । त्यहाँबाट बीपीको राजनीतिक यात्रा शुरु भएको हो । नोभेम्बर १९४६ मा बीपी कोइरालाले देशका तरुणहरुलाई पार्टी खोल्नु पर्दछ भनेर एउटा बक्तव्य जारी गरेका थिए । भारतीय स्वतन्त्रताको प्रभावमा भारतमा बीपी कोइरालाको प्रयासमा नेपाली राष्ट्रिय काङ्ग्रेसको गठन भयो । कलकत्ताको सम्मेलनबाट नेपाली राष्ट्रिय काँग्रेस (बनारसवालाहरुको कमिटि) र नेपाली प्रजातान्त्रिक काँग्रेस कलकत्तावालाहरुको कमिटी मिलेर नेपाली काँग्रेस बन्यो । नेपाली काँग्रसलाई वि.सं.२०१२ सालमा बीरगञ्जमा भएको महाधिवेशनबाट समाजवादी पार्टीको रुपमा स्थापित गर्न बीपी सफल भएका थिए । वि.सं.२०१५ सालको निर्वाचनबाट नेपालको प्रथम जननिर्वाचित प्रधानमन्त्री भएका बीपीलाई राजा महेन्द्रको आदेशमा सेनाले वि.सं.२०१७ साल पुस १ गिरफ्तार गरी जेलमा राखेको थियो । पछि जेलबाट छुटेर भएर निर्वासित जीवन विताउन बाध्य भएका बीपी वि.सं.२०३३ पुस १६ गते राष्ट्रिय मेलमिलापको नीति लिएर नेपाल फर्किएका थिए । वि.सं.२०३९ साउन ६ गते उहाँको निधन भएको थियो । नेपालमा प्रजातन्त्र ल्याउनका लागि बी.पी.ले गरेको योगदान अविस्मरणीय छ । प्रस्तुत अध्ययन बी.पी. कोरालाको जीवनीमा आधारित रहेको छ ।*

***शब्दकुन्जी :*** समाजवाद, साम्यवाद, राष्ट्रियता, समावेशन, मिजाज, बसुधैव कटुम्बकम् ।

## परिचय

नेपालको राजनीतिको कुरा गर्दा प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वर प्रसाद कोइरालाको नाम अग्रस्थानमा आउँछ । नेपाली काँग्रेसका संस्थापक नेता, पार्टी सभापति, वि.सं.२००७ सालको आन्दोलनको नेतृत्वकर्ता, कहिले राजासंग मिलेर राणा विरोधी आन्दोलन गर्ने त कहिले राजाकै विरुद्ध शसस्त्र आन्दोलन गर्ने त कहिले राष्ट्रियताको सन्दर्भमा राजा र मेरो घाँटी जोडिएको छ भन्ने फराकिलो सोच भएका बीपी कोइरालाले नेपाली कांग्रेसलाई प्रजातान्त्रिक समाजवादको सिद्धान्त दिए । नेपालको माटो सुहाउँदो सिद्धान्त दिन सक्षम भएका बीपीले देशभित्र मात्र होइन विश्वमै विद्वान राजनीतिज्ञको रुपमा नाम कमाएका थिए । उनै बीपी कोइरालाले राणा शासनकालदेखि सुधारिएको पञ्चायती व्यवस्था लागु हुँदासम्म गरेको राजनीतिक संघर्ष, निर्णयका कारणले भोग्नुभएको आरोह अवरोहमा केन्द्रित भएर यो अनुसन्धानात्मक लेख तयार गरिएको छ ।

नेपालका लागि राजनीतिक पार्टी खोलेर प्रजातन्त्र स्थापना गर्न अग्रसर भएका बीपी कोइरालाको राजनीतिक जीवनका उतारचढावको बारेमा व्याख्या विश्लेषण गर्दै प्रजातन्त्र, व्यक्तिगत स्वतन्त्रा र प्रजातान्त्रिक समाजवादका लागि उानले गरेको योगदानको बारेमा चर्चा गर्नु यस अनुसन्धानको उद्देश्य रहेको छ ।

## अध्ययन विधि

यस अनुसन्धानात्मक लेख तयार गर्न आवश्यक सूचनाहरु पूर्वप्रकाशित पुस्तक, पत्रपत्रिका, जर्नलहरुलाई आधार मानिएको छ । बी.पी.कोइरालाको नामाकारण, शिक्षा र राजनीतिक जीवनका घटनाहरुलाई ऐतिहासिक आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

## तथ्याङ्क विश्लेषण

महामानव जननायक बीपी कोइरालाको जन्म वि.सं.१९७१ साल भदौ २४ गते तद्नुसार १४ अगस्त १९१४ मा भारतको बनारसमा भएको हो । बीपी कोइराला आफैले आफ्नो जन्म र नामाकरणका बारेमा यसरी लेखेका छन् -'म जन्मिएँ, पण्डितहरुको नक्षत्रगणना अनुसार 'चुँडामणी' नाम लिएर, तर मेरो ठूलो पिताजीले वनारस मेरो जन्मनगरीको महिमालाई ध्यानमा राखेर मेरो अर्को नाउँ 'विश्वेश्वर' राखिदिनु भयो, जो प्रचलित हुन गयो (कोइराला, २०४० : ५९) ठूलो पिताजीले मलाई काखमा लिएर आफ्नी बुहारी - मेरी आमालाई भन्नुभयो रे - 'काशीको आदिदेव महादेवको यो प्रसाद हो, त्यसो हुनाले यसको नाउँ विश्वेश्वर प्रसाद राख्नु पर्छ (कोइराला, २०४० : ५९) । यसरी उनको नाम विश्वेश्वर प्रसाद कोइराला भएको थियो ।

सन् १९२७ मा कक्षा आठमा हरिश्चन्द्र स्कूलमा बीपी भर्ना भएका थिए । महात्मा गान्धीले सन् १९२०-२१ मा शुरु गर्नु भएको असहयोग आन्दोलन भित्र विदार्थीहरुले सरकारी स्कूलको बहिष्कार गर्ने कार्यक्रम थियो । बीपी कोइराला पढ्ने स्कूलको नजिक एउटा बगैंचामा आन्दोलनकारीहरु भेला भएका थिए । मातृका प्रसाद कोइराला र बीपी कोइराला संगै कार्यक्रम हेर्न गएका थिए । बच्चाकै बेला स्कूल पढ्दा सभामा बीपीले पहिले मैले आजदेखि सरकारी स्कूल छाँडे भने । लगतै मातृका कोइरालाले पनि मैलेपनि छाडे भने । बीपीलाई मञ्चमा लगेर गान्धीले फूलमाला लगाई दिए । त्यहाँबाट शुरु भएको थियो बीपी कोइरालाको राजनीतिक यात्रा । पहिलो राजनीतिक अवज्ञा गर्दा महात्मा गान्धीको अगाडी गरेका र स्वयं महात्मा गान्धीले माला लगाइदिएकाले उनी एक्कासी चर्चित भए । उनको हिम्मतको भारतीय नेताहरुले कदर गरे । जसले  गर्दा पटक पटक संकट पर्दा वीपीलाई महात्मा गान्धी, डा. राजेन्द्र प्रसाद, डा. राममनोहर लोहियाहरुले अन्तिमसम्म साथ दिइरहेका थिए ।

बीपीले आफ्नो कथामा लेखेका छन् -'म पनि त्यसरी नै सानै उमेर मै सरकारी स्कूलको बहिष्कार गरेर राजनीतिक कार्यकर्ताहरुको दलमा सामेल (Recruit) हुन पुगें (कोइरला, २०४० : ७५) । त्यसवेलादेखि नै बीपीले राजनीति गर्ने  काम प्रारम्भ गरे । ढिपी गरेर खदरको लुगा लगाउन थाले । भारतमा नेताहरुले स्वदेशमा उत्पादन भएको खदरको लुगा लगाउने चलन थियो ।  घरमा भएको विदेशी कपडा संकलन गरेर राष्ट्रिय गान गाउँदै घरघरमा विदेशी लुगा संकलन गर्न आएकालाई बीपीले बुझाई दिएका थिए । साँझमा संकलन भएको सबै विदेशी लुगा जलाइयो । पहिले विद्यालय बहिष्कार, पछि विदेशी लुगा जलाउने कामले गर्दा बीपी झन राजनीतिमा एक पछि अर्को घटना गर्दै चर्चामा आइरहे ।

सन् १९२९ मा बनारसमा बीपीले जव कक्षा नौं को परीक्षाको तयारी गरिरिहका थिए त्यसबखत प्रेम चन्द सम्पादक रहेको हँस मासिकमा बीपीको पहिलो लेख छापिएको थियो । बीपीले आफू पहिलो पटक काठमाडौं गएको प्रसङ्ग यसरी व्याख्या गरेका छन् -'म्याट्रिक पास गरेपछि म पहिलो पटक काठमाडौं आए' (कोइराला, २०४० : ११३) । बीपीले सन् १९३२ मा इन्टरमिडिएट र सन् १९३४ मा राजनीतिशास्त्र र अर्थशास्त्रमा स्नातकतहसम्मको अध्ययन गरेका थिए । सन् १९३६ मा कानूनमा स्नातक गरे । रोजगारीका लागि चिनजान भएको स्थान दार्जिलिङ्मा वकालत शुरु गरेका थिए । उनले वकालत धेरै दिन गर्नै सकेनन् । स्कूले विद्यार्थीदेखि नै राजनीतिको चस्का लागेको बीपीलाई जहिले पनि नयाँ कुरा गर्न मन लाग्नु स्वभाविक थियो ।

बीपीले लेखेका छन् - 'मेरो राजनीतिक भावना त्यस्तो बौद्धिक वातावरणमा पर्‍यो । राजनीतिमा आदर्शको भावनात्मक समावेशनको आधिक्य व्यावहारिकता (यथार्थता) को न्यूनता मेरो राजनीतिक चिन्तन र क्रियाकलापको आधार त्यसरी बस्यो' (कोइराला, २०४० : ११३) । उनले थप लेखेका छन्, 'एक त मेरो मिजास त्यसै भावात्मक र रोमाण्टिक, त्यसमा गान्धीवादसँग लेनिनवादको समिश्रण भएको हाम्रो घरको राजनीतिक वातावरणमा 'बसुधैव कटुम्बकम' भन्ने आदर्श मेरो राजनीतिक विश्वास र चिन्तनको अविभाज्य आधारशिला भयो' (कोइराला, २०४० : ११३) । बीपी भारतमा अंग्रेजलाई भगाउन गरिएको आन्दोलनमा सहभागी हुन थाले ।

भारतमा अंग्रेज विरुद्ध गरिएको भारत छोडो अभियानमा लागेको आरोपमा सन् १९४२ मा बीपी कोइराला पटनामा नजरबन्द भए (अधिकारी (शास्त्री), २०५८ : १९८) । ३२/३३ वर्षको हुँदादेखि अर्थात नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापनाकालदेखि बि.सं.२०३९ साल साउन ६ गतेका दिन देहान्त नहुँदासम्म उनी नेपाली राजनीतिको केन्द्रमा रहेका थिए । उनले आफैं यी वर्षहरुको लेखाजोख 'फेरि सुन्दरीजल' भन्ने डायरीमा १० जनवरी १९७७ का दिन लेखेका छन् - 'अहिले म ६२ वर्षको भएँ यसमध्ये १९ वर्ष काठमाडौंमा बिताएँ भने चार वर्ष विराटनगरमा (अर्थात नेपालमा २३ वर्ष), २ वर्ष चन्द्रगञ्ज (हालको सिरहा, माडर) मा (अर्थात नेपालमा २५ वर्ष), बनारसमा १९ वर्ष, पटनामा ८ वर्ष, टेढीमा ५ वर्ष, कलकत्तामा ३ वर्ष, हजारीबागमा २ वर्ष, दार्जिलिङमा १ वर्ष गरी भारतमा ३८ वर्ष बिताएँ । काम र क्रियाकलापको आधारमा हेर्दा पढाइमा १७ वर्ष, जेलमा १२ वर्ष, निर्वासनमा २० वर्ष, सरकारमा २ वर्ष बिताएँ । भारत र नेपालमा गरी करिव २६ वर्ष सक्रिय राजनीतिमा बिताएँ ।' उनले सरकारमा दुई वर्ष भनेर २००७ साल लगत्तैको गृहमन्त्री र असार २०१५ देखि पुस २०१७ सालसम्म प्रधानमन्त्री रहनुभएको तथ्यलाई सम्झना गरेका छन् ।

भारतबाट अङ्ग्रेजहरु नहटुन्जेल नेपालबाट राणा हट्दैनन् भन्ने बुझेका बीपीले अंग्रेज विरुद्ध भारतमा बसेर पटक पटक आनदोलन गरेकाले अंग्रेजहरुले पनि पटक पटक थुनेको पाइन्छ । एक पटक तीन बर्ष हजारीगाग जेलमा थुनिए । बीपलै काँग्रेस सोसियलिष्ट पार्टीका विहार शाखाको सङ्गठन सचिवको रुपमा बसेर काम गरेका थिए । नोभेम्बर १९४६ मा बीपी कोइरालाले देशका तरुणहरुलाई पार्टी खोल्नु पर्दछ भनेर एउटा बक्तव्य जारी गरेका थिए । उक्त आह्वान पटनाबाट प्रकाशन हुने सर्चलाइट पत्रिकामा छापिएकाले धेरै भारतमा निर्वासित जीवन विताइरहेका वा अध्ययनका लागि आएका विद्यार्थीहरुले बीपीलाई सम्पर्क गरेर उनलाई साथ दिएका थिए । त्यसैले उनी राजनीतिक पार्टी खोल्न समेत सफल भएका थिए ।

विराटनगरमा मजदुर हडतालमा पक्राउ परेपछि बीपीलाई धनकुटा हुँदै काठमाडौं पऱ्याइएको थियो । दोस्रो पटक पक्राऊ पर्दा कालकठोरीमा आवरण अनशन बसेका थिए । नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना गर्दा

ताकाका कोइराला एक प्रखर समाजवादी नेतामा दरिइ सकेका थिए (गिरि, २०७२ : ६५) । बीपीले २०१७ साल पुस १ गतेदेखि वि.सं.२०२५ सम्म आफ्नो जेल जीवनको भागाइलाई समेटेर लेखेको डायरी जेल जर्नल नामक पुस्तकको रुपमा छ । वि.सं.२०३३ पुस १६ गते राष्ट्रिय मेलमिलापको नीति लिएर नेपाल फर्किएका थिए । वि.सं.२०३४ सालमा बीपी रिहाई भए । त्यसपछि बीपी देश दौडाहामा गएर खुल्ला आमसभामा सहभागी हुन थालेका थिए ।

बीपीले साम्यवाद र समाजवादको फरक आम नागरिकलाई बुझाउन सरल भाषामा भन्नुभएको थियो - 'समाजवादबाट प्रजातन्त्र झिक्योभने साम्यवाद बन्छ, अनि साम्यवादमा प्रजातन्त्र थप्यो भने समाजवाद बन्छ' भनेका थिए । उनले सर्वहारा वर्गको शासन साम्यवादीहरुको कोरा कल्पना मात्र हो भनेका थिए । बीपीको तर्कमा जनताको प्रजातान्त्रिक अधिकार नभएको साम्यवादीहरुको शासन मानवीय मूल्य मान्यता, आदर्श र सभ्यता बिपरित हो भन्ने थियो । यसबाट पनि साम्यवाद भन्नेहरु प्रति बी.पी कत्तिको आलोचक थिए भन्ने बुझ्न सकिन्छ ।

मानिसको विकासबारे बीपीले भनेका थिए -

'मानिस एक बहुआयामिक व्यक्तित्व हो र उ आफैमा अपूर्ण हुन्छ । मानिस भित्र अथाह सम्भावनाहरु हुन्छन् तर मनुष्यको विकास चाहने हो भने उसका समस्यालाई आचारशास्त्रीय, नैतिक, मनोवैज्ञानिक, आथिएक, साँस्कृतिक, शैक्षिक आदि सबै दिशा आक्रमण गर्नुपर्दछ । मानिसको एक पक्षलाई मात्र जोड दिई बाँकी अरु पक्षलाई बेवास्ता गरिएमा उसको विकास हुन सक्दैन' । (चटर्जी, २०८० : २३५)

बीपी कोइरालाले स्वतन्त्रता बिनाको साम्यवाद भित्रको खान, लाउन र आवास पाउनु भनेको पशु आहर सरह नै हो जस्तै गरेर प्रजातन्त्र र व्यक्तिगत स्वतन्त्रताप्रति आफ्नो मत रहेको धारणा पटक पटक व्यक्त गरेका छन् । हो, मानिसका लागि स्वतन्त्रता प्रिय चिज हो, जस्लाई आहारसंग साट्न सकिदैन । बीपीको समाजवादलाई नेपालको संघीय अवधारणाभित्रको तिनै तहको सरकारले लागु गर्दा मूख्य रुपमा पाँच कुरालाई मूल आधार मानेर अघि बढ्नु पर्ने देखिन्छ । पहिलो, सामाजिक प्रवृत्तिको छनौट, दोस्रो सभ्यताको अनुशरण, तेस्रो नैतिकता अपरिहार्यता, चौथो व्यवहारिक रुपमा रुपान्तरण र पाँचौ आत्म निर्भर बन्ने क्रियाकलाप हो । बीपीले आफ्नो व्याख्यामा माथीका पाँच पक्षलाई आत्मसाथ गरेर विकासका क्रियाकलाप गर्नुपर्ने बताएका छन् । पश्चिमा संस्कृतिभित्रको प्रजातन्त्रभन्दा नेपालीपनको पूर्वीय संस्कृतिको अन्तरघुलन भएको समाजिक प्रबृत्तिको छनौट गर्दै त्यसभित्र हाम्रो पुरानो सभ्यतालाई आत्मसाथ गर्दै वा सभ्यताको संरक्षण र प्रवर्धन गर्दै पूर्वीय संस्कार भित्रको नैतिकतालाई पाइला पाइलामा अपनाउँदै व्यवहारिक पाराले आत्मनिर्भर बन्न सकियो भने दीगो विकास हुन सक्छ भन्ने बीपीको धारणा देखिन्छ । मौलिकतामा रमाउने समाजको सबै नै जस्तै एकअर्काको भरोसा भएर समाज स्वर्गको आवरणमा देखिन सम्भव हुने थियो । त्यसैका लागि बीपीले परिकल्पना गरेको समाजवादको आर्थिक पक्षलाई देशभर नमुनाका रुपमा केही गाउँमा प्रयोग गरेर त्यसको उपलब्धिहरुको समीक्षा गर्दै बीपीवाद स्थापित गर्ने तर्फ उन्मुख बनाउन सकिन्छ ।

बीपीको मानवतावादी सोच र समाजवाद प्रतिको निष्ठालाई नेपाली काँग्रेसले मात्र होइन विश्वका राजनीतिक र आर्थिक जानकारहरुले हिजोआज पनि प्रशंसा गर्न छोडेका छैनन् । बीपीले भनेको समाजवाद एउटा आर्थिक चिन्तन हो । समाजवादी चिन्तकका रुपमा परिचित रहेका स्व. प्रदीप गिरिले बीपीको मानवतावाद प्रतिको लगाव भन्नाले उहाँको मानिस प्रति, त्यस्तै पर्दा जानबर प्रति पनि, अरु त अरु चरा प्रति पनि उहाँ अत्यन्त

सम्बेदनशील हुनु भएको उहाँको जेल डायरीवाट थाहा हुन्छ भनेर लेखहरुमा उल्लेख गरेका छन् । त्यसैले प्रदीप गिरिले बीपीमा मानवतावाद दखेको थिए । बीपीभित्रको मानवतावाद गिरिले मात्र होइन, उनका विचारबाट परिचित सबैले भन्ने गरेका छन् ।

द्वितीय महायुद्धको प्रारम्भिक वर्षमा कोइराला दार्जिलिङ्गमा वकालत गर्दै थिए । बीपीले गणेशराज शर्मालाई दिएको अन्तर्वार्तामा उनले भनेका छन्, 'म दार्जिलिङ्मा बसेको बेला द्वितीय महायुद्ध शुरु भयो । हामीहरु पूर्णरुपमा प्रजातन्त्रवादीहरुको पक्षमा थियौं । मैले त एक चोटी इन्टरनेशनल बृगेडमा पनि जान एप्लिकेशन दिएको थिए । भारतबाट बृगेड गएन, म पनि जान पाइइन (शर्मा, २०५५ : २६) । बीपीले थप भनेका छन्, 'महायुद्धबाट उत्पन्न हुने परिस्थितिहरुको विश्लेषण गरी, निधो गरें - देशको राजनीतिमा उत्रने । मलाई लाग्यो, अब देशमा राजनीतिक संघर्षमा मले लाग्नु पर्दछ (शर्मा, २०५५ : २६) । वकालत गरेर बस्ने होइन भन्ने लागेर वीपी द्वितीय विश्वयुद्धकै समयमा लेनिनलाई उल्लेख गरेर यस साम्राज्यवादी लडाईलाई गृहयुद्धमा परिणत गर्नुपर्छ भनेर लेख लेखें जुन सर्चलाइट पत्रिकामा छापिएको थियो (शर्मा, २०५५ : २७) । बीपीले आफूले केही समय बिहारको मजदुर क्षेत्रमा काम गरेको, दरभंगा जिल्लामा एउटा सुगर मिल थियो त्यहा म काम गर्थै भनेका छन् (शर्मा, २०५५ : २७) । बीपीले आफूले दरभंगाको सुगरमिलमा काम गर्ने गरेको र त्यहाँ कामदारहरुले बीपीलाई आन्दोलनमा पठाउने गरेले उनी जाने र समातिने गरेका थिए र समातिने गरेका थिए (शर्मा, २०५५ : २७) । वीपीले आफू दरभंगाबाट छुटेपछि पहिला जनकपुर गएको बताएका छन् । सन् १९४२ को भारतछोडो आन्दोलनको समयमा बीपी कोइराला विराटनगरमा थिए । मजफ्फरपुर र मोतिहारीबाट धेरै भागेर नेपाल आएका थिए । बीपी भने आन्दोलनमा साथ दिन पटना गए । पटना पुगेको भोलीपल्टै विहान बीपीलाई समातरेर बाँकेपुर जेलमा राखेका थिए (शर्मा, २०५५) । बाँकेपुर जेलमा डा. राजेन्द्र प्रसाद पनि थिए । पछि बीपीलाई हजारीबागमा सारे । त्यहाँ पनि वीपीलाई डा. राजेन्द्र प्रसाद संगै राखेका थिए (शर्मा, २०५५ : २९) । बीपीका अनुसार उनलाई घाँटीको समस्या हजारीबाग जेलमा बस्दादेखि नै भएको थियो । पछि छुटेपछि टाटा इन्स्टिच्यूट अफ क्यान्सरमा बीपीको घाँटीको अपरेसन भएको थियो (शर्मा, २०५५ : २९) । सन् १९४५ मा जुन दिन बीपी कोइराला भारतमा जेलबाट छुटेका थिए त्यही वेला उनको पिताजी कृष्णप्रसाद कोइरालाको पनि नेपालमा त्यहीदिन देहान्त भएको थियो । बीपीलाई त्यसबखत पटनाको स्थानबद्ध गरेर छाडेको थियो ।

वीपीले भनेका छन्, 'मैले ४ अक्टूबर १९४६ मा एउटा बक्तव्य दिंए र जु सर्चलाइट पत्रिकामा छापिएको थियो । मैले नेपालमा द्वितीय महायुद्ध पछि नयाँ परिवर्तन स्वतन्त्रताको लागि आएकोछ, त्यसलाई त्यसअवसरलाई हत्याउनको निम्ति व्यापक आधारमा नेपालीहरुको एउटा प्रजातन्त्रिक संगठन बन्नु पर्दछ । ज-जसका यस्तो विचार छ मँग सम्पर्क राख्नू भनेर मैले त्यस बक्तव्यमा भनेको थिए' (शर्मा, २०५५ : ३४) । बीपीको यो बक्तव्यले रामवाणको काम गरेको थियो । यूवाहरु बीपीसंग सम्पर्क गर्न आएका थिए । आएका मध्ये केही त राजनीतिक पार्टी गठनमा सहभागी हुने र समितिमा नै बस्ने काम समेत गरेका थिए । भारतमा गठन भएको काङ्ग्रेस सोसलिस्ट पार्टीको राजनीतिमा लाग्दा हजारीवाग जेल परे । वीपी सन् १९४६ को प्रारम्भिक महिनातिर छुटेका थिए ।

दोस्रो विश्वयुद्ध पछि लगतै बीपी कोइरालाले आँट गरेर नयाँ पार्टी खोल्ने सोच सहित विज्ञप्ती निकाल्नु भएको देखिन्छ । यसले उहाँ नेपालका लागि राजनीतिक पार्टी खोल्न उत्सुक हुनु भएको र उहाँको उक्त विज्ञप्तीकै आधारमा मानिसहरुले उहाँसंग सम्पर्क गरेर विस्तारै उहाँको अभियान राजनीतिक पार्टीमा परिवर्तन भएको हो ।

भारतीय स्वतन्त्रताको प्रभावमा भारतमा वीपी कोइरालाको प्रयासमा नेपाली राष्ट्रिय काङ्ग्रेसको गठन भयो। कलकत्ताको सम्मेलनबाट नेपाली राष्ट्रिय काँग्रेस (बनारसवालाहरुको कमिटि) र नेपाली प्रजातानित्रक काँग्रेस कलकत्तावालाहरुको कमिटी मिलेर नेपाली काँग्रेस बन्यो। म त्यसको कार्यवाहक अध्यक्ष पनि भए। तर मेरा केही जवाफदेहीहरु सोसलिस्ट पार्टीका थिए, म त्यसको विद्यार्थी समूहको इनचार्ज थिए (शर्मा, २०५५ : ४२)। यसबाट के देखिन्छ भने बीपी एकातर्फ नेपालमा राजनीति गर्नका लागि भारतमा नेपालीहरु संलग्न भएको पार्टी खोल्न अग्रसर भएका थिए भने विहारको राजनीतिमा सहभागी भई उहाँतर्फको सम्बन्ध समेत मजबुत बनाई रहेका थिए।

सन् १९४७ मार्चमा बिराटनगरको जुटमिलमा आन्दोलन शुरु भयो। जनवरी २५ मा नेपाली राष्ट्रिय काँग्रेस बनेको थियो। बीपीले भनेका थिए, 'म विराटनगर पुगेर मजदुर आन्दोलनलाई नेपाली राष्ट्रिय काँग्रेसको तर्फबाट भरपुर सहयोग गरे (शर्मा, २०५५ : ४३)। बीपीलाई बिराटनगरमा पक्राऊ गरी धनकुटा हुँदै काठमाडौं ल्याइएको थियो। उनलाई धनकुटाबाट काठमाडौं लईदा बीपीले बाटोमा बडो दरिद्रता देखेको बताएका छन्। त्यसलाई लिएर हामी आफ्ना आर्थिक नीतिहरुको सम्बन्धमा छलफल गर्दथ्यौं, हाम्रो राजनीतिक आन्दोलनको आर्थिक पक्षबारे हामी छलफल गर्दथ्यौं। बीपीले भनेका छन्, 'म त समाजवादी छादैं थिए, अरुहरुले पनि त्यस सम्बन्धमा आफ्नो धारणा स्पष्ट गर्दथे (शर्मा, २०५५ : ४७)। बीपीले भनेका छन्, 'गान्धीजीले प्रधानमन्त्री पद्म सम्सेरलाई वीपीको छुटकाराको सम्बन्धमा चिठी लेखेका थिए। चिठ्ठीको बारेमा समाचार छापिनासाथ चिठी नआउँदै बीपीलाई छोडिएको थियो (शर्मा, २०५५ : ५१)। वि.सं. २००७ सालको क्रान्तिको सफलताको निमित्त भारतीय समाजवादीहरुको सहयोग समेत काम लागेको थियो। वीपी सोसल डेमोक्रयाट वा प्रजातान्त्रिक समाजवादी थिए। मौलिक अधिकार, पार्टी खोल्ने अधिकार, संगठित रुपमा सरकारको विरोध गर्न पाउने र उत्तरदायी सरकार हुनुपर्ने बीपीको विश्वास थियो।

प्रारम्भमा नेपाली राष्ट्रिय काङ्ग्रेसको गठन हुँदा अन्य कुनै कुरोभन्दा पनि जनताप्रति उत्तरादायी शासन प्रणालीको वकालत गरिएको थियो। पछि, नेपाली काङ्ग्रेस बनेपछि भने यो रणनीति फेरियो। नेपाली काङ्ग्रेसले वैरगनिया अधिवेशनबाट शसस्त्र क्रान्तिको तैयारीको सूचना दिएको थियो।

द्वितीय महायुद्धपछि भारतीय समाजवादी नेताहरुको पहलमा एशियाई समाजवादी सम्मेलनको आयोजना भयो। सोसलिस्ट इन्टरनेशनल पनि त्यसमा सहभागी थियो। वीपी कोइराला पनि सन् १९५३ मा रंगुनमा भएको एशियाई समाजवादी सम्मेलनमा सहभागी भएका थिए। त्यति भएर पनि नेपाली काङ्ग्रेस अझै पनि विधिवत् रुपमा सोसलिस्ट पार्टी थिएन। ०१२ सालमा बीरगन्ज महाधिवेशनमा सम्पन्न भयो। बीरगन्ज महाधिवेशनमा नेपाली काङ्ग्रेस विधिवत रुपमा समाजवादको लक्ष्य राखेको एउटा पार्टी भएको थियो। बीपीले भनेका छन्, 'बीरगञ्जमा भएको एउटा अभिवेशनमा हामीले समाजवादलाई पार्टीको सिद्धान्तको रुपमा स्वीकार गरेका थियौं र हाम्रो सम्पर्क सोसलिस्ट इन्टरनेशनलसँग रहन्छ भनेर पास गरेका थियौं (शर्मा, २०५५ : १९५)। बीपीले आफ्नो अन्तर्वार्तामा भनेका छन्, 'त्यसवेला हामीले संविधान सभाको निमित्त चुनाव गराउनुपऱ्यो र भूमिसुधार गर्नु पऱ्यो भनेका थियौ (शर्मा, २०५५, १९६)। संविधानसभाको निर्वाचनको माग नेपाली काँग्रेसले वि.सं.२०१५ सालको संविधान बन्नुभन्दा अगाडीदेखि माग गरिरहेको देखिन्छ। त्यसैले संविधानसभाको एजेण्डा माओवादीहरुले उठाएका हुन भन्दा पनि नेपालमा त्यसअघि नै गरिसकिएको थियो।

नेपालको पहिलो संसदीय निर्वाचनमा नेपाली काङ्ग्रेसले आमनिर्वाचनमा दुई तिहाई बहुमत ल्यायो । वीपी कोइराला प्रधानमन्त्री भए । प्रधानमन्त्रीका रुपमा वीपी कोइरालाले भारतीय शोधकर्ता अनुरुद्र गुप्तालाई एउटा गहकिलो अन्तरवार्ता दिएका छन् । त्यस अन्तर्वार्ताका अनुसार वीपी कोइरालाले दास क्यापिटल पढ्न भने नभ्याएको र नरुचाएको भनेका छन् । उनले भन्ने गरेका थिए - 'हामीले योजना तर्जुमा गर्दा दुरदराजका गाउँमा बस्ने गरिब जनताको अनुहार हेरेर काम गर्नुपर्दछ' (आचार्य, २०६७ : १५) । उनी प्रधानमन्त्री हुँदा सरकारले दुईबटा बजेट पारित गरेको थियो । उक्त बजेटमा बीपीको समाजवादी भावनालाई प्रयोगमा ल्याउने प्रयास गरेको देखिन्छ । तर प्रधानमन्त्री भएको १८ महिना पछि प्रधानमन्त्रीकै रुपमा सुन्दरीजलमा थुनिए । जेलमा झण्डै ८ वर्ष विताएका थिए ।

जेलबाट निस्केपछि बीपी आत्मनिर्वासनमा बस्न वनारस गए । अक्टुबर १९६९ मा जयप्रकाश नारायणले बनारसमा गान्धीको जन्मको १०० बर्ष पुगेको सन्दर्भमा राखेको एउटा प्रवचन कार्यक्रममा बोलेर आफू गान्धिको सोचभन्दा केही फरक देखिएका थिए । । प्रधानमन्त्रीका रुपमा वीपीको आखिरी भाषण १५ दिसेम्बर १९६० मा तरुण दलको उद्घाट्न समारोहमा दिइएको थियो ।

बीपी कसैको पक्षमा नलागि स्वविवेकले आफ्नो धारणा राख्नेमा पर्दछन् । अन्ततः राष्ट्रिय मेलमिलापको नीति लिएर नेपाली कांग्रेसको अध्यक्षको हैसियतमा वि.सं. २०३३ पुस १६ गते एउटा बक्तव्य जारी गर्दै नेपाल फर्किएका थिए ।  उक्त बक्तव्यमा बीपीले भनेका छन्, 'राष्ट्र रहेन भने हामी रहन्नौं भन्ने भावनाले प्रेरित हाम्रो कार्यक्रम हुनुपर्दछ ।' बीपीले उक्त बक्तब्यमा लेखेका छन्-'यस बक्तव्य द्वारा नेपाली काँग्रेसको अध्यक्षको हैसियतले सारा देशवासीलाई अपील गर्न चाहन्छु कि राष्ट्रको रक्षा, देशको उन्नती जनताको सुख र समृद्धिको पुनीत कार्यमा सबै एकमत भएर लागौं (शर्मा, २०५५ : ३३४) । बीपीको विचारधाराको जानकारीको निमित्त भोला चटर्जीद्वारा लिखित वीपी कोइरालाः एक क्रान्तिकारी व्यक्तित्व नामक पुस्तक छ । उक्त पुस्तकको परिच्छेद ८ मा कोइरालाको विशेष प्रकारको समाजवादको व्याख्या छ । भोला चटर्जीले वीपीलाई प्रजातान्त्रिक समाजवादका बारे तपाईको धारणा के हो भनेर प्रश्न गरेका छन् । वीपीले ५ वटा बूँदामा प्रजातान्त्रिक समाजवादको आफ्नो धारणा राखेका छन् ।  ती बुँदाहरु निम्न अनुसार रहेका छन् ।

१. प्रजातन्त्र कुनै पनि किसिमको विकास र उन्नतिको अनिवार्य पूर्व शर्त हो । प्रजातन्त्रको अनुपस्थितिमा कुनै विकास हुँदैन । जनतालाई उत्साहित गरेर काममा लगाएपछि मात्र विकासको आशा राख्न सकिन्छ । त्यसैले विकास मुलतः एक राजनीतिक कार्य हो । प्राविधिक प्रयोग होइन ।

२. वैदेशिक सहायताले विकास प्रक्रियालाई मद्दत गर्दैन । विदेशी सहायताले मुलुकमा एउटा नयाँ वर्गको सृजना गर्छ । यो नवधनाढ्य नयाँ वर्गको आर्थिक जग मुलुकभित्र रहँदैन ।

३. वीपी कोइरालाले नेपालजस्तो गरिब मुलुकको लागि विकासको पश्चिमी नमूना उच्च प्रविधि मुलुकलाई काम लाग्दैन ।

४.समाजवाद र प्रजातन्त्रको अन्यायोश्रित सम्बन्ध छ ।

५. प्रजातान्त्रिक र समाजवादी आदर्शको अनुसरण गरेर मात्र विश्वले गरिमापूर्ण जीवन विताउन सक्छन् ।

बीपीले भारतको 'सन्डे' साप्ताहिकमा सन् १९७९ मार्च १८ मा दिएको  अन्तर्वार्तामा भनेका थिए, 'मेरो देशका लागि मसँग ठूला महत्वकाँक्षाहरु छन् (नेपाल, २०७८ : ४८) । बीपी प्रधानमन्त्री हुँदा '१५ बर्षभित्र मेरो जनताको आर्थिक अवस्था मेरो तहसम्म माथि उठाउनेछु (नेपाल, २०७८ : ४८) भनेका थिए । 'नेपाल गाउँ नै

गाउँ भएर बनेको मुलुक भएकोले यहाँको गरिबी पनि गाउँमै केन्द्रित छ । गाउँ र त्यहाँको वासिन्दाको वस्तुस्थितिका बारेमा जानकारी नभएसम्म नेपालमा गरिबीको समस्याको छेउ समेत बुझ्न सक्नुहुन्न' बीपीले यसरी भनिरहदा थपकुरा यो पनि भनेका थिए, 'उच्च र जटिल प्रविधि भएका विकसित राष्ट्रहरुबाट लिइने विचारको आधारमा मात्र योजना तर्जुमा गरिने हुनाले नै योजनाकारहरुबाट लगातार भूल भएको हो'। बीपीले योजनाकारहरुलाई सम्बोधन गर्दै भनेका थिए, 'म योजनाकारहरुलाई गाउँ र गाउँलेहरुको पक्षमा लाग्न, उनीहरुको हीत हुने कुरा विचार गर्न तथा उनीहरुले बुझ्ने र आफै संचालन गर्न सक्ने खालका प्रविधि मात्र अपनाउन आग्रह गर्दछु ।'

वीपीले विकासको कुरा गर्दा ग्रामीण सभ्यताको कुरालाई केन्द्रमा राख्ने गरेका थिए । गणेशराज शर्माद्धारा सम्पादित 'राजा, राष्ट्रियता र प्रजातन्त्र' भन्ने पुस्तकमा कोइरालाले दुर्लभ खनिज ऊर्जाको बढ्दो खपतबाट उत्पन्न भएको समस्याको कुरा उठाएका छन् (शर्मा, २०६३ : ३३४) । यसको आशय दुर्लभ खनिज ऊर्जाहरु हामीले पाइयो भन्दैमा जथाभावी खर्च गर्नुभन्दा भविष्यका लागि समेत आवश्यक पर्दछ भनेर संचित गर्ने रणनीति लिनु पर्दछ भनेको हो । जनशक्तिलाई प्रयोग गर्दा खनिज ऊर्जा बचाउन सकिन्छ भने पहिलो प्राथमिकता जनशक्तिलाई दिनुपर्दछ भन्ने हो ।

बीपी कोइरालाले समाजवादको व्याख्या गर्दा सधैं नेपालका गाउँले, पिछडिएका, बेरोजगार, अशिक्षित जनतालाई माध्यम बनाएर मात्र सुरु गर्दथे (ढकाल, २०७२ : १०८) ।  बीपीले आफ्नो कथामा लेखेका छन् - 'अन्ततोगत्वा राजतन्त्रको यथार्थ रुप एउटा व्यक्तिको महत्वाकाँक्षाको अखण्ड प्रदर्शन मात्र हो । यदि त्यस व्यक्तिको व्यक्तिवादी महत्वाकाँक्षामा अङ्कुश राखिने व्यवस्था विधानमा छ भने त्यस हदसम्म शुद्ध राजतन्त्र दूषित नभएको मानिनु पर्छ । दरवारी राजनीति र राजाको व्यक्तिवादी शक्ति उपासनाको त्यसैले त्यसैले म विरोधी छु' (कोइराला : २०४० : ११३) । यसरी बीपीले आफ्नो अनुभव र संगतले नेपालको सन्दर्भमा कस्तो खालको राजामान्ने भनेर प्रष्ट पारेका छन् । बीपीले आफ्नो बारेमा स्वमूल्याङ्कन गर्दै आफ्नो कथामा लेखेका छन्, 'यसो विचार गरेर ल्याउँदा म एउटा बडो आश्चर्यजनक परिणाममा पुग्छु, आफ्नो सम्बन्धमा मार्क्स भनूँ, लेनिनया गान्धी भनूँ, केवल बुद्ध बाहेक मेरा आदर्श पुरुष एउटा पनि नेपालको इतिहासमा पाइँदैनन (कोइराला, २०४० : ११४) । बीपीले नेपालमा बुद्ध बाहेक आफना लागिा अरु कोही आदर्श पुरुष नदेखेपनि बीपीलाई लाखौं नेपालीले आफे आदर्श पुरुष मानिसरहेका छन् ।

बीपी कोइरालाले वि.सं.२०३३ सालमा राष्ट्रिय मेलमिलापको नीति लिएर नेपाल फर्किएपछि राजालाई चिढ्याउने काम गरेनन् । वि.सं.२०३७ सालको जनमत सङग्रहमा सुधारिएको पञ्चायती व्यवस्थाको जीत भएपछि निर्वाचनमा धाँधली भएकोले स्वीकार गर्न हुँदैन भन्ने गणेशमान सिंहको सुझाव समेत नमानेर प्रजातन्त्रमा निर्वाचनको परिणामलाई स्वीकार गर्नु पर्दछ भनेर जनमत सङ्गहको परिणामलाई स्वीकार गरेकाले राजनीतिक जीवनमा निस्क्रिय रहेको   देखियो । घाँटीको क्यान्सरले थला परेका बीपी कोइरालाको देहान्त वि.सं.२०३९ साउन ६ गते भएको थियो । बीपीले नेपालमा राणा शासन फाल्न र निरङ्कुश राजतन्त्रको विरुद्धमा संघर्षपूर्ण आन्दोलन गरेका छन् । अहिले हामीले व्यवहारमा उपयोग गरिरहेको गणतन्त्र ल्याने आधार बीपी कोइरालाले तयार गरिदिएका थिए भन्न सकिन्छ ।

## निष्कर्ष

बीपी कोइरालाले नेपाली काँग्रेसलाई प्रजातान्त्रिक समाजवादको सिद्धान्त दिएर काँग्रेस प्रति आम नागरिककोमात्र होइन, देश विदेशका राजनीतिक शक्तिहरुको आडभरोसाको केन्द्र बन्न सफल भएका थिए । भारतमा प्रधानमन्त्री रहेका जवाहारलाल नेहरु र इन्दिरागान्धीले बीपीलाई बेलाबेलामा गरेको असहयोगका कारण बीपीले वि.सं.२००७ सालमा प्रजातन्त्र ल्याउन जसरी भारत र राजाको साथ सहयोग पाएका थिए, त्यसको निरन्तरता रहेन । पछि भारत र राजा दुबै मिलेर बीपीलाई दुःख दिने कामहरु भएकाले प्रथम जननिर्वाचित प्रधानमन्त्री हुने अवसर पाएको भए पनि उनलाई प्रधानमन्त्रीमा १८ महिनामात्र काम गर्न दिइयो । पहिले गृहमन्त्री हुँदा समेत विवादमा पारिएको थियो । पछि प्रधानमन्त्री हुँदा समेत समाजवादलाई व्यवहारमा लागुगर्ने उहाँको सपना अधुरो भएकोले राष्ट्रियताको सन्दर्भमा आफू राजासंग भएको र प्रजातन्त्रको सन्दर्भमा आफू जनता नजिक भएको अभिव्यक्ति दिएका थिए । बीपी कोइरालाले वि.सं. २०३३ सालमा राष्ट्रिय मेलमिलापको नीति लिएर नेपाल फर्किएपछि राजालाई चिढ्याउने काम गरेनन् । वि.सं. २०३७ सालको जनमत सङग्रहमा सुधारिएको पञ्चायती व्यवस्थाको जीत भएपछि निर्वाचनमा धाँधली भएकोले स्वीकार गर्न हुँदैन भन्ने गणेशमान सिंहको सुझाव समेत नमानेर प्रजातन्त्रमा निर्वाचनको परिणामलाई स्वीकार गर्नु पर्दछ भनेर जनमत सङ्गहको परिणामलाई स्वीकार गरेपछि भने बीपी राजनीतिक जीवनबाट निस्क्रिय भएजस्तै देखिएको थियो ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी (शास्त्री), हेमराज (२०५८). *आजको नेपाल-प्रजातान्त्रिक आन्दोलनको अन्वेषणात्मक र अनुसन्धानात्मक इतिहास).* काठमाडौं : चन्द्रकला अधिकारी ।

आचार्य, नरहरि (सम्पा.) (२०७८). *विश्वेश्वरप्रसाद कोइराला नेपाली कांग्रेसका चार दशक. भाग १,* पाँचौ संस्करण काठमाडौ : शिखा बुक्स (प्रथम संस्करण संवत्सर प्रकाशन) ।

कोइराला, विश्वेश्वर प्रसाद (२०५४). *जेल जर्नल.* काठामाडौं : जगदम्मा प्रकाशन ।

कोइराला, विश्वेश्वर प्रसाद (२०४०). *आफ्नो कथा.* काठमाडौं : चेतना सीहित्य प्रकाशन ।

गिरि प्रदीप (२०७२). *विश्वेश्वरप्रसाद कोइराला व्यत्तित्व र विचार.* काठमाडौं : डाइनामिक पब्लिकेशन प्रा. लि. ।

चटर्जी, भोला (२०८०). *बी.पी. कोइराला एक क्रान्तिकारी व्यक्तित्व.* काठमाडौं : लिपि बुक्स प्रा.लि. ।

ढकाल, लोकेश (सम्पा.) (२०७२). *राष्ट्रिय जीवनमा विश्वेश्वरप्रसाद कोइराला.* काठमाडौं : बीपी विचार राष्ट्रिय समाज ।

शर्मा, गणेशराज (संकलक) (२०५५). *विश्वेश्वर प्रसाद कोइरालाका आत्मवृत्तान्त.* ललितपुर : जगदम्वा प्रकाशन ।

शर्मा, गणेशराज (सम्पा.) (२०६३). *राजा, राष्ट्रियता र राजनीति.* ललितपुर : जगदम्बा प्रकाशन ।